
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ २५ गते शुक्रबार ❑ 7 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## 'स्थानीय जनप्रतिनिधिमा गणतन्त्र आउन सकेन'

**पोखरापत्र संवाददाता**
लमजुङ, २४ जेठ

नेकपा (एमाले) का उपमहासचिव एवं प्रतिनिधिसभा सदस्य पृथ्वीसुब्बा गुरुङले देशमा गणतन्त्र आए पनि स्थानीय जनप्रतिनिधिमा अझै गणतन्त्र आउन नसकेको टिप्पणी गर्नुभएको छ।

बिहीबार बेँसीसहरमा आयोजित लमजुङ दर्पण दैनिकको ११औं वार्षिकोत्सवलाई सम्बोधन गर्दै नेता गुरुङले जनप्रतिनिधिमा अझै पञ्चायती कार्यशैलीको धङधडी रहेको बताउनुभएको हो।

"उहाँहरु आफू सरकार भएको दाबी गर्छन् तर व्यवहार सरकारको जस्तो छैन", उहाँले भन्नुभयो, "सङ्घीयताको अवधारणाअनुसार स्थानीय सरकारले काम गर्न सकेनन् ।" उहाँले स्थानीय सरकारलाई विपद् कोष बनाउन



र गरेका कामको प्रचारप्रसार गर्न सुझाव दिएको बताउनुभयो।

उहाँले स्थानीय सरकारले प्रोफाइल तयार पार्ने, डकुमेन्ट्री बनाउने, सचेतनाका कार्यक्रम गर्नेलगायतका काम मिडियासँग मिलेर गर्न सकिने बताउनुभयो । यसले मिडियाको संरक्षण र स्थानीय सरकारको प्रचार दुवै काम हुने उहाँको धारणा छ। "स्थानीय सरकारमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको छुट्टाछुट्टै अभ्यास गर्नेगरी व्यवस्था मिलाइएको छ । अध्यक्ष र उपाध्यक्षका छुट्टाछुट्टै अधिकार र दायित्वहरु छन् । वडाध्यक्ष र कार्यपालिका सदस्य एउटै भूमिकाका हुन्", उहाँले भन्नुभयो, "कार्यपालिकामा अध्यक्ष वा मेयर प्रधानमन्त्री जस्तो हुन्छ भने व्यवस्थापिकामा सभामुख जस्तो। बजेट आउनुभन्दा अगाडि नीति तथा कार्यक्रम ल्याउनुपर्‍यो। नीति तथा कार्यक्रम अघि बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत हुनुपर्‍यो । स्थानीय सरकारले यसको पालना नै गर्दैनन्।" उहाँले स्थानीय सरकारलाई सरकार जस्तो बनाउन मिडियाले भूमिका पनि भुमिका निर्वाह गर्नुपर्ने धारणा राख्नुभयो। उहाँले पर्यटन क्षेत्रको विकासका लागि पूर्वाधारसँगै रैथाने बालीको परिकारमा जोड दिनुपर्ने बताउनुभयो। देशमा पर्यटन आगमनको सङ्ख्या बढाउन पोखरालगायत अन्तर्राष्ट्रिय विमानस्थाल सञ्चालनमा ल्याउनुपर्ने उहाँको भनाइ छ।

गण्डकी प्रदेशसभा सदस्य यशोदा रिमालले लमजुङ पर्यटनको दृष्टिले सम्भावनायुक्त रहेको बताउनुभयो । उहाँले यस क्षेत्रका सबैखाले पर्यटनको विकास र प्रवर्द्धनमा मिडियाले सकारात्मक भूमिका खेल्नुपर्ने बताउनुभयो।

## 'विद्यालय सुधार्न शिक्षक, विद्यार्थी र अभिभावकसँगै हिँड्नुपर्छ'

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

शिक्षाविद् प्राध्यापक डा विद्यानाथ कोइराला सामुदायिक विद्यालय सुधारका लागि शिक्षक, विद्यार्थी र अभिभावकसँगै हिँड्नुपर्ने बताउनुभएको छ।

जनसङ्ख्यामा आएको कमीका कारण विद्यार्थी घट्नुलाई स्वाभाविक मान्नुपर्ने भन्दै उहाँले गुणस्तरीय शिक्षामा ध्यान दिनसकेमा सामुदायिक विद्यालय अब्बल बन्नसक्ने बताउनुभयो । विद्यार्थीलाई उद्यमी बनाउने र आयआर्जनमा जोड्ने सीपले अभिभावकलाई पनि फाइदा पुग्ने उहाँको भनाइ थियो । 'हामी सुधार्छौं, हाम्रो विद्यालय' भन्ने नाराका साथ सामुदायिक विद्यालय सुधार गर्ने राष्ट्रव्यापी अभियानअन्तर्गत आज गण्डकी प्रदेशस्तरीय शैक्षिक सम्मेलनको बागलुङमा सहजीकरणपछि उहाँले गाभिएर खाली भएका विद्यालयमा प्रौढशिक्षा, व्यावहारिक ज्ञान, उद्यमशीलता र पुस्तकालयजस्ता अतिरिक्त काम गर्न सकिने सुझाव दिनुभयो । "सीप सिकाइमार्फत विद्यार्थीलाई व्यावहारिक ज्ञान दिन सकियो भने उनीहरुलाई जीवनमा कुनै समस्या हुँदैन, गाभिएका सामुदायिक विद्यालयमा घरबास, घरेलु उद्योग तथा व्यावहारिक शिक्षा सिकाउने थलोका रुपमा विकास गर्नुपर्छ", उहाँले भन्नुभयो, "बालबालिकालाई अनिवार्य बचत सिकाउने र त्यसमा अभिभावकले सहयोग गर्नुपर्छ ।" डा कोइरालले शिक्षाको उद्गमस्थल समाज भएको उल्लेख गर्दै व्यवस्थापन समितिले विद्यालयमा धेरै काम गर्नसक्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "समितिले सिङ्गो समाजलाई विद्यालयको हितमा डोर्‍याउन सक्छ, समाजले सहयोग गरेका विद्यालय सफल भएका उदाहरण छन् ।"

विद्यालयको पहिलो अनुगमनकर्ता विद्यार्थी र दोस्रो अनुगमनकर्ता अभिभावक भएकाले शिक्षक सदैव चनाखो हुन आवश्यक रहेको सुझाव दिनुभयो । शिक्षक आफ्नो दक्षता र क्षमता देखाउनै नमान्ने गरेको भन्दै उहाँले शिक्षक प्रविधिमैत्री हुनुपर्नेमा जोड दिनुभयो। सामुदायिक विद्यालय व्यवस्थापन महासङ्घले 'परिवर्तनको अगुवाइ विद्यालयभित्रबाट' भन्दै सामुदायिक विद्यालयको सुधारमा रचनात्मक काम गर्दै आएको छ। सामुदायिक विद्यालय व्यवस्थापन समिति गण्डकी प्रदेशले बागलुङको शैक्षिक क्षेत्रमा भइरहेको निराशालाई चिर्दै ऊर्जा भर्नका लागि शैक्षिक अन्तरक्रिया र उत्प्रेरक कार्यक्रम आयोजना गरेको हो।

सो अवसरमा प्रशिक्षक पूर्णप्रसाद दवाडीले अभिभावक परिचालनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। दवाडीले अभिभावक र समाजले चाहेमा सामुदायिक विद्यालय शैक्षिक र गुणस्तर क्षेत्रमा अब्बल बन्नसक्ने धारणा राख्नुभयो । विद्यालय व्यवस्थापन समितिका केन्द्रीय अध्यक्ष गुणराज मोक्तानले विद्यालय सुधारमा सामुदायिक विद्यालय व्यवस्थापन समितिको अभियानका विषयमा जानकारी गराउनुभएको थियो। उहाँले सामुदायिक विद्यालय व्यवस्थापन महासङ्घले सामुदायिक विद्यालयको सुधारका लागि देशव्यापी अभियान चलाइएको बताउँदै सरोकारवाला निकायले सहयोग गर्नुपर्ने बताउनुभयो। अन्तरक्रियामा समुदाय र व्यवस्थापन समितिको अगुवाइमा शैक्षिक क्षेत्रमा फड्को मारेको बागलुङ नगरपालिका-१४ स्थित गणेश माध्यमिक विद्यालय र भौतिकरुपमा फड्को प्रगति गरेको बागलुङ नगरपालिका-८ स्थित सिगाना माध्यमिक विद्यालय लामिचौरको वृत्तचित्र देखाइएको थियो । गण्डकी प्रदेशसभा सदस्य डिल्लिराम सुवेदीले गुणस्तरीय शिक्षामा सामुदायिक विद्यालय व्यवस्थापन समितिले सक्रियताका साथ काम गरे राम्रो नतिजा ल्याउन सकिने उदाहरण बागलुङमै रहेको बताउनुभयो । अन्तरक्रिया प्रस्तुत गरिएको कार्यपत्र, सहजीकरण र धारणा सङ्कलनबाट १९ बुँदे बागलुङ घोषणापत्र जारी गरिएको छ । बागलुङमा आयोजना गरिएको प्रदेशस्तरीय शैक्षिक अन्तरक्रियाले समग्र बागलुङको शिक्षा क्षेत्रको विकासमा सहयोग पुर्‍याउने सामुदायिक विद्यालय व्यवस्थापन समितिका गण्डकी प्रदेश अध्यक्ष टीकाराम थापाले बताउनुभयो। बागलुङ नगरपालिकाका नगरशिक्षा अधिकारी धनप्रसाद पोखेलले सफल र असफल विद्यालयका विशेषताका विषयमा सहभागी शिक्षक, प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षलाई जानकारी गराउनुभएको थियो। कार्यक्रमको उद्घाटन गण्डकी प्रदेशसभा सदस्य चम्पादेवी खड्काले गर्नुभएको थियो। उद्घाटनपछि खड्काले सामुदायिक विद्यालय निजीभन्दा अब्बल बन्न थालेको बताउँदै विद्यार्थीको सङ्ख्याभन्दा गुणस्तर बढाउन सामुदायिक विद्यालय लाग्नुपर्ने बताउनुभयो।

## तालचोक-बेगनास सडक निर्माणमा ढिलासुस्ती

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

विसं २०७९ चैतदेखि निर्माण थालिएको पोखरा महानगरपालिका-२७ तालचोकदेखि वडा नं ३१ बेगनास जोड्ने चार लेन सडकको हालसम्मको भौतिक प्रगति जम्मा २५ प्रतिशत पुगेको छ। यसै वर्ष निर्माण सम्पन्न गर्ने लक्ष्य लिइए पनि निर्माण कम्पनीको ढिलासुस्तीका कारण उक्त सडक आयोजनाले गति लिन नसकेको हो।

पोखरा महानगरपालिकाको सडक शाखाका इन्जिनियर नवीन गौतमले केही समयअघि कामै रोकेको ठेकेदार कम्पनीले पुनःअहिले जनशक्ति र उपकरण थपेर काम सुरु गरेको जानकारी दिनुभयो । "निर्माण कम्पनीले प्रतिबद्धताअनुसार कामलाई गति दिन सकेका छैन", उहाँले भन्नुभयो, "समयमा काम सक्न ताकेता गरिरहेका छौं ।" विश्व बैंकको आर्थिक सहयोगमा तीन दशमलव २८ किलोमिटरको उक्त सडकलाई चार लेनमा स्तरोन्नति गर्न 'स्वच्छन्द-सपना-वर्ल्डवाइड जेबी'ले निर्माण जिम्मा पाएको थियो। ठेक्का सम्झौता भएको एक वर्षपछि बल्ल सडक निर्माण सुरु भएको थियो। रु एक अर्ब ४९ करोड लागत योजना रहेपनि निर्माण कम्पनीसँग भ्याटबाहेक रु ७५ करोड ४८ लाखमा ठेक्का सम्झौता भएको इञ्जिनियर गौतमले बताउनुभयो । फुट ट्र्याक, साइकल लेन र पार्किङसहितको नुमना सडक बन्ने उहाँको भनाइ छ । सडक छेउछाउमा बगैंचा, सडक बत्तीलगायत आकर्षक पूर्वाधार बनाइने महानगरले जनाएको छ । सडकमा तीन वटा पुल पनि बन्नेछन् । अहिले सडक विस्तार, कल्भर्ट, नाला र पर्खाल निर्माण भइरहेको इञ्जिनियर गौतमले बताउनुभयो।

सडक निर्माणमा ढिलाइ हुँदा स्थानीयवासी र यात्रुलाई धूलो र हिलोको सास्ती खेप्न बाध्य भएको पोखरा-२७ का वडाध्यक्ष पूर्णकुमार गुरुङले बताउनुभयो । "अब बर्खा सुरु भयो, सडकमा हिँडिसाध्ये हुँदैन, निर्माण कम्पनीलाई समयमै काम सक्न सम्बद्ध पक्षले दबाब बढाउनुपर्छ", उहाँले भन्नुभयो, "अहिलेकै गतिले काम भएमा आउँदो वर्ष पनि सडक निर्माण हुने छाँटकाट देखिन्न।" केही दिनअघि निर्माण कम्पनीका मुख्य प्रतिनिधि आफैं आएर कामलाई गतिदिने प्रतिबद्धता जनाएको वडाध्यक्ष गुरुङले बताउनुभयो। निर्माण कम्पनीको आन्तरिक स्रोत र जनशक्ति परिचालनमा समस्या देखिएको उहाँको भनाइ छ। "अहिले कामदार र उपकरण केही थपेर काम गरिरहेको देखिन्छ", वडाध्यक्ष गुरुङले भन्नुभयो, "आयोजनामा बजेटको कुनै समस्या छैन, निर्माण कम्पनीकै कारण काम ढिलो भएको हो।" पृथ्वी राजमार्गसँग जोडिएको उक्त सडक बेगनास, रुपा गाउँपालिका हुँदै लमजुङ जोडिन्छ।

वडाध्यक्ष गुरुङले चार लेनको सडक निर्माणपछि सात तालको बाटिका भनेर चिनिने सिङ्गो लेखनाथ क्षेत्रको विकासले कोल्टे फेर्नेमा विश्वास व्यक्त गर्नुभयो । तालचोक-बेगनास सडक पृथ्वीराजमार्गसँग पनि जोडिएकाले आर्थिक र पर्यटन गतिविधि थप बढ्ने उहाँको भनाइ छ । पोखरा-मुग्लिन सडक पनि अहिले चार लेनमा स्तरोन्नति भइरहेको छ । कमसल सडककै कारण पछिल्लो समय बेगनास ताल घुम्न जाने पर्यटक घटेकामा स्तरोन्नति बेलैमा सक्नुपर्ने बेगनास तालका डुङ्गा व्यवसायी शिवप्रसाद पाण्डेले बताउनुभयो । "चार लेनको सडक बन्दा बेगनास क्षेत्रको आउजाउ सजिलो बन्छ, यहाँको पर्यटनले पनि नयाँ गति लिन्छ", पाण्डेले भन्नुभयो, "सडक निर्माणमा ढिलासुस्ती हुन दिनहुँदैन, महानगर पनि यसमा चनाखो रहनुपर्छ।" निर्माणका चरणमा भएकाले पर्यटकका लागि उक्त सडकको यात्रा कष्टपूर्ण बनेको उहाँले बताउनुभयो।




# भूमिअधिकार मञ्चको अभिमुखिकरण कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ



राष्ट्रिय भूमिअधिकार मञ्च नेपाल गण्डकी प्रदेश मञ्चको बैठक एवम् अभिमूखिकरण कार्यक्रम विभिन्न महत्वपूर्ण विषयमा समिक्षा गरी विहिबार कास्कीमा सम्पन्न भयो ।

बैठकमा मञ्चका राष्ट्रिय अध्यक्ष ल्याम बहादुर दर्जी र केन्द्रिय सदस्य निर्मल नेपालीले अभिमुखिकरणको सहजीकरण गरेका थिए भने नवलपुर, गोर्खा, तनुहँ, कास्की, पर्वत र वाग्लुङ जिल्लाका ३६ जना अध्यक्ष तथा पदाधिकारीहरुको उपस्थिति रहेको थियो । सो अवसरमा जिल्लागत समिक्षा, प्रदेश मञ्चको साङ्गठनिक प्रतिवेदन, राष्ट्रिय मञ्चको साङ्गठनिक प्रगति प्रतिवेदनमाथि छलफल गर्नुका साथै वार्षिक योजना सम्बन्धि निर्णय गरेको थियो । साथै गत जेठ २० गते दाङ जिल्लामा भएको गुठी आन्दोलनमा घाइते मञ्चका सदस्यहरुको सिघ्र स्वास्थ्यलाभको कामना गर्नुका साथै घाइतेको सम्पूर्ण उपचार खर्च राज्यले व्यहोर्नु पर्ने विषयमा पनि बैठकमा छलफल भएको थियो । वैठकमा देशभर भइरहेको भूमिहिन दलित, भूमिहिन सुकुम्बारी तथा अव्यवस्थित वस्तीहरु उठिबास, वेदखली, भूमि आयोग विगटन, गुठी आन्दोलनहरुबारे समिक्षा गर्नुका साथै समसामयिक विषयमा गहन छलफल गरेको गण्डकी प्रदेश मञ्चका अध्यक्ष रामबहादुर लामिछानेले वताए । सो अवसरमा गण्डकी प्रदेशका कोषाध्यक्ष धनकुमारी गुरुङले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन बैठकले सर्वसम्मत पास गरेको थियो । कार्यक्रममा राष्ट्रिय भूमि आयोग कास्कीका निवर्तमान प्रवक्ता आसबहादुर गुरुङ, मञ्चका केन्द्रिय सदस्य मनरुपा कुमाललगाएतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । मञ्चको गण्डकी प्रदेश अध्यक्ष रामबहादुर लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश उपसचिव मोहन प्रसाद गुरुङले स्वागत र संचालन कास्की जिल्ला अध्यक्ष प्रेमबहादुर गुरुङले गरेका थिए ।

# रोटरी क्लबद्वारा दुई विद्यालयलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ



रोटरी क्लब अफ पोखरा अन्नपूर्णले विहिबार पोखरा-३३, वागमारा र पोखरा-२१, निर्मल पोखरीमा रहेको विद्यालयलाई साइन्स ल्याबका सामाग्री, स्टेशनरी तथा खेलकुद सामाग्री सहयोग गरेको छ ।

सन नेपाल लाइफ इन्स्योरेन्स कं.को प्रायोजन रहेको उक्त कार्यक्रममा वागमाराको श्री सत्यसाइ विद्याश्रमलाई साइन्स ल्याब सामाग्री तथा निर्मल पोखरीको जनचेतन माविका विद्यार्थीहरुलाई स्टेशनरी तथा खेलकुद सामाग्रीहरु सहयोग गरेको छ । विज्ञान प्रयोगशालाको लागि १२० थान साइन्स ल्याव सामाग्री र जनचेतन माविका १५० भन्दा वढि विद्यार्थीहरुलाई स्टेशनरी तथा खेलकुद सामाग्री गरी दुइ वटा स्कुललाई करिब एक लाख पचास हजारको सहयोग प्रदान गरिएको क्लबका अध्यक्ष तोयबहादुर भट्टराईले वताए । बागमारामा भएको कार्यक्रममा विद्याश्रमका प्रधानाध्यापक विश्व खनाल, सन नेपाल लाइफ इन्स्योरेन्स कं.का गण्डकी प्रदेश कार्यालय प्रमुख बाबुराम पौडेल, युवा उद्यमी किरण केसीलगाएतले वोलेका थिए । त्यसै गरी निर्मलपोखरीमा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक अर्जुन पौडल, विव्यस अध्यक्ष दुर्योधन गिरी। भूपू विद्यार्थी मञ्चका अध्यक्ष केबल गिरी लगाएतले क्लबलाई धन्यवाद दिएका थिए ।

रोटरी क्लबका संस्थापक अध्यक्ष देवराज चालिसेले रोटरी क्लबले विभिन्न क्षेत्रमा सहयोग गर्दै आइरहेको वताउँदै सुखमा हुर्केका विद्यार्थीहरु भन्दा दुखमा हुर्केका विद्यार्थीहरु पढाईमा तेज हुने भन्दै श्रोत साधन भएन भनेर निरास हुन नहुने वताए । क्लबका अध्यक्ष तोय बहादुर भट्टराईको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव निकेशप्रसाद कर्माचार्यले गरेका थिए ।

# भद्रकालीमा वृक्षरोपण तथा सरसफाइ

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ



५३ औं विश्व वातावरण दिवस २०२४ को अवसरमा पोखरा वडा नं १३ मा अबस्थित भद्रकाली मा. बि .मा. भद्रकाली स्काउट ट्रुप, बाल क्लब र जुनियर युवा रेड्क्रस सर्कलको सयुक्त आयोजनमा बृक्षरोपण, सरसफाइ तथा चित्रकला प्रतियोगिता कार्यक्रम हालै सम्पन्न भयो ।

विद्यालयका प्रधानाध्यापक यदुराज पगेनीले विद्यालय हाताभित्र बिरुवा रोपेर कार्यक्रमको उदघाटन गर्नुभएको थियो । त्यसैगरि वातावरणको महत्व तथा संरक्षण शीर्षक अन्तर्गत आधारभुत तहका बिद्यार्थीहरुको बिचमा चित्रकला प्रतियोगिता पनि आयोजना गरिएको थियो ।

बिद्यालय हाताभित्र बृक्षारोपणका साथै विद्यालय वरिपरीको क्षेत्रमा सरसफाई गरिएको थियो। सो अवसरमा प्री- प्राइमरी कक्षाका छात्र/छात्राहरुले उत्साहजनक रुपमा सन्देशमुलक चित्र तथा नारा तयार गरि प्रस्तुत गरेका थिए। हरेक बर्ष जुन ५ मा विश्व बातावरण दिवस मनाउने प्रचलन अनुसार 'हाम्रो भुमी, हाम्रो भविष्य' भन्ने मुल नारा साथ यश वर्ष पनि बिबिध सृजनात्मक कार्यक्रम गरि मनाइएको कुरा स- क्रियाकलाप संयोजक मीन बहादुर साउदले पोखरापत्रलाई वताउनु भयो ।

# विश्वकप छनोट :नेपाल र युएई भिड्दै

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

फिफा विश्वकप २०२६ अन्तर्गतको छनोट खेल बिहीबार नेपाल र संयुक्त अरब इमिरेट्स (युएई)बीच हुँदैछ । साउदी अरबको दमामस्थित प्रिन्स मोहमद विन फहद रङ्गशालामा नेपाली समयअनुसार राति ९:४५ बजे खेल हुनेछ ।

यसअघि नेपाल र युएईबीच युएईको घरेलु मैदानमा भएको खेलमा नेपाल ४-० ले पराजित भएको थियो । नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले युएईविरुद्धको खेलमा नेपाली टोलीले उत्कृष्ट प्रदर्शन गर्ने विश्वास व्यक्त गर्नुभएको। फिफा वरीयतामा युएई ६७औं स्थानमा छ भने नेपाल एक सय ७८औं स्थानमा छ ।

नेपाली टोलीमा गोलरक्षक कप्तान किरण चेम्जोङ (कप्तान) सहित विशाल सुनार र अभिषेक बराल छन् । त्यस्तै डिफेन्डरमा विमल पाण्डे, अभिषेक लिम्बू, अनन्त तामाङ, विशाल बस्नेत, छिरिङ लामा, सौभाग्य राई र रोहित चन्द छन् ।

यसैगरी मिडफिल्डरमा भरत खवास, लाकेन लिम्बू, मणिकुमार लामा, मनिष डाँगी, सुमन श्रेष्ठ, वसन्त जिम्बा र आशिष राई छन् । फरवार्डमा जिलेस्पीजङ्ग कार्की, हिसुब थपलिया, सञ्जीव विष्ट, आयुष घलान र आशिक बाबु चौधरी छन् ।

# ज्येष्ठ नागरिकका लागि स्नेहन कार्यमा अनौठो चमत्कार

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

अशक्त र पैसठ्ठी बर्ष नाघेका ज्येष्ठ नागरिकहरुका लागि पोखरामा संचालन हुँदै गरेको थेरापि तथा मनोपरामर्श सेवामा छुट हुने कुरा पोखरा बृद्धाश्रमले जनाएको छ ।

आयुर्वेदिक बिधि अनुसार स्नेहन स्वेदन गराउने र शारीरिक, मानसिक रुपले स्वस्थ्य रहन सिकाउने उद्देश्यले आरम्भ गरिएको उक्त सेवाबाट पोखरा र आसपासका आमाबुवा सन्तुष्ट रहेको बताईन्छ। ज्येष्ठ नागरिक महासंघ कास्कीका सचिव भीम प्रसाद सुबेदीले जानकारी दिए अनुसार सो कार्यको निरन्तरताका लागि अब पोखराको बिरौटाचोकमा उक्त सेवा संचालनमा आएको छ भने वडा नम्बर १५ को अलकापुरमा कार्यक्रमको तयारी गरिदै छ । थेरापीको उक्त कार्यक्रम पहिलो दिन निशुल्क गसंचालन गरिने जानकारी सचिव सुवेदीले दिएका हुन् । घरमा हेरचाह गर्ने बयस्क ब्यक्ति नभएका र दिवा सेवामा जाने बानी नपरेका आमाबुवाको लागि यो थेरापि सेवा बरदान साबित भएको छ । नशा च्याप्पिएको, हड्डी खिईएको, कम्मर दुख्ने, हातगोडा झमझाउने समस्या भएका आमाबुवा लाई यो सेवा प्रदान गरिदै आएको छ । उहाँका दुःखशुख सुन्ने र बुझ्ने गरी मनोपरामर्श गराईने भएकाले यो सेवा घरमा बस्ने आमाबुवाका लागि लोकप्रीय बन्दै गएको छ ।

पोखरामा लोकप्रीय बन्दै गएको यो कार्यक्रमले ज्येष्ठ नागरिकहरुमा लाग्ने डिमेन्सिया, अल्जाईमर र डिप्रेशनका लागि अति उपयोगी छ । आयुर्बेद बिज्ञ डा.अरुण झाले भनका छन् "एउटा अध्ययन अनुसार घरमा वा दिवासेवामा रहनु हुने आमाबुवाका लागि उमेर अनुसारको खानपान गर्न पर्ने हुन्छ" । आमाबुवाका अतिरिक्त सहारसुसार र मनोपरामर्श गर्न बालबालिकालाई पनि आवश्यक छ । यस्तो कार्यक्रमले गृहिणीहरु र बालबालिका समेत लाभान्वीत हुने जनाईएको छ ।


# जेएमसीमा तथ्याङ्क व्यवस्थापन तथा विश्लेषण कार्यशाला गोष्ठी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ




पोखराको जनप्रिय बहुमुखी क्याम्पसमा तिन दिने तथ्याङ्क व्यवस्थापन तथा विश्लेषण कार्यशाला गोष्ठी सुरु भएको छ ।

गोष्ठीको उद्घाटन गर्दै क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले मुलकभरका सामुदायकि क्याम्पसहरूमा दुईपटक उत्कृष्ट भइ क्युएएको तेस्रो चक्र पूरा गरेको क्याम्पसको आयोजनामा कार्यक्रम गर्न पाउँदा खुशी लागेको बताए । विजुक्छेले अनुसन्धानका लागि तथ्याङ्क व्यवस्थापन र विश्लेषण महत्वपूर्ण हुने भएकाले सक्रिय सहभागिताका लागि शुभकामना दिए । निमित्त क्याम्पस प्रमुख रमेशबहादुर खड्काले प्राज्ञिक अनुसन्धानलाई लक्षित गरी आयोजित गोष्ठी अनुसन्धान कार्य गर्नेका लागि फलदायी हुने बताउँदै विश्लेषणात्मक क्षमताको विकास गर्न आग्रह गरे । गोष्ठीमा पृथ्वीनारायण क्याम्पस, कन्या बहुमुखी क्याम्पस, गुप्तेश्वर बहुमुखी क्याम्पस, भद्रकाली बहुमुखी क्याम्पस, कालिका बहुमुखी क्याम्पस, जनप्रिय बहुमुखी क्याम्पस, आदिकवि भानुभक्त क्याम्पसका ३० जनाको सहभागित रहेको छ । विश्वविद्यालय अनुदान आयोगको सहयोगमा आयोजित गोष्ठीको सहजीकरणका लागि स्रोत व्यक्तिहरू प्राडा विकासकुमार केसी, डा. अच्युत ज्ञवाली, माधव बराल, राजेन्द्र उपाध्याय आनन्द ढुंगाना रहेका छन् । निमित्त क्याम्पस प्रमुख रमेशबहादुर खड्काको सभापतित्वमा सञ्चालित गोष्ठीमा सहायक क्याम्पस प्रमुख मेखराज पौडेलले उद्धेश्यमाथि प्रकाश पारेका थिए भने प्रशासक एकनारायण अर्यालले कार्यक्रम सञ्चालन गरेका थिए ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# वातावरण दिवसमा लेकसिटीका विद्यार्थीको वृक्षरोपण घार्मीमा

**अस्मिता रानाभाट**
पोखरा, २४ जेठ



पोखरा माहानगरपालिका वडा नं ४ स्थित लेकसिटी कलेज एण्ड रिसर्च सेन्टरमा अध्ययनरत विद्यार्थीले विश्व वातावरण दिवसको अवसर पारेर हालै वृक्षरोपण गरेका छन् ।

सामाजिक कार्य र पत्रकारिता विषयका विद्यार्थीहरुले पोखरा १९ घार्मी स्थित ओमकारेश्वर मन्दिर वरिपरि ५१ वटा बिरुवा रोपेर दिवस मनाएका हुन् । वडा नं १९ का वडा अध्यक्ष पुष्पेन्द्र पाण्डेले ज्याकारन्डाको बिरुवा रोपेर कार्यक्रमको सुरु गरिएको थियो । वडा नं १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डेसँगको समन्वयमा स्थान छनोट गरी वृक्षरोपण गरिएको बिए प्रथम वर्षका विद्यार्थी एवं कार्यक्रम संयोजक विज्ञानराज सुवेदीले बताए । डडेलोले सखाप पारेका वन लाई पुनः हरियाली बनाउने अभियान सहित घार्मी डाँडामा वृक्षरोपण गरिएको लेक सिटी कलेजका क्याम्पस प्रमुख नारायण श्रेष्ठले बताए । भूमि पुनस्थापना, मरुभूमिकरण र खडेरी विरुद्ध लड्न लचिलो समुदाय भन्ने नारामा मनाइरहेको वातावरण दिवसमा घार्मी डाँडामा पैयुँ, एभोकाडो लगायतका विरुवा रोपिएको छ ।

पत्रकारिताका शिक्षक केशव शरण लामिछाने, र सामाजिक कार्य अध्यापक शिक्षीका रोशिना कुँवर, विए प्रथम, द्धित्तिय र तेस्रो वर्षमा अध्ययनरत विद्यार्थी सहभागिता जनाइ हौसला प्रदान गरेका थिए ।

कार्यक्रम संयोजक सुवेदीले वातावरणप्रति सबै सचेत हुन आवश्यक रहेको स्पष्ट पारे । संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको आह्वानमा हरेक वर्ष जुन ५ तारिखमा यो दिवस विश्वभर मनाउने गरिन्छ । १६ जुन, १९७२ मा संयुक्त राष्ट्र सङ्घले विश्व वातावरण सम्मेलनको आयोजना गरेको थियो । उक्त सम्मेलनबाट वातावरण संरक्षणका लागि विश्वभर राजनीतिक र सामाजिक जनचेतना जगाउनुपर्ने अन्तर्राष्ट्रिय ऐक्यबद्धता बन्यो । यो दिवसलाई संस्थागत गर्न सम्मेलनको दोस्रो वर्ष अर्थात् ५ जून १९७३ मा विश्वमा पहिलो पटक विश्व वातावरण दिवसलाई एक अन्तर्राष्ट्रिय दिनका रूपमा लिएको हो ।

कलेजका विद्यार्थीहरुले विभिन्न दिवस र अवसर पारेर निरन्तर सामाजिक कार्य गर्दै आएका छन् । दुई महिना पहिला विद्यार्थीहरुकै सक्रियतामा भएको रक्तदानमा ५० युनिटभन्दा बढी रगत संकलन भएको थियो । अहिलेको समयमा यहाँको वातावरण प्रदूषणले मानव स्वास्थ्य मात्र होइन सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा समेत गम्भीर असर परेको छ । यस्तो प्रदूषण कम गर्न आम सरोकारवालाहरू एकजुट एवं जागरूक हुन आवश्यक छ ।

# यू-१५ विद्यालय खेलकुद प्रतियोगिता : गण्डकी प्रदेशस्तरीय छनौट सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ



यू-१५ विद्यालय खेलकुद प्रतियोगिता अन्तर्गत गण्डकी प्रदेशस्तरीय छनौट प्रतियोगिता पोखरामा सम्पन्न भएको छ । प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा सम्पन्न प्रतियोगितामा विभिन्न खेलका ७६ जना खेलाडीहरु छनौट भएका हुन् । राष्ट्रियस्तरको यू-१५ विद्यालय खेलकुद प्रतियोगिता यहि जेठ ३० र ३१ गते पोखरामा आयोजना हुँदैछ ।

एथलेटिक्सतर्फ १०० मि, २०० मि, ४०० मि, ८०० मिटर दौड, सटपुट, लङ्गजम्प, र रिले दौडका लागि ६ छात्र र ६ जना छात्रा गरी १२ खेलाडी छनौट भएका छन् । छनौट भएका एथलेटिक्स खेलाडीहरुमा राज गुरुङ (लमजुङ), स्पिन पौडेल (पर्वत), गणेश श्रेष्ठ (पर्वत), अभिशेष थनेट (नवलपुर), अंकित रानाभाट (तनहुँ) र सुशन बोटे (नवलपुर) रहेका छन् । त्यसै गरी छात्रातर्फ कन्चन भण्डारी (म्याग्दी), सुजाता कुमाल कास्की, जुना सरु मगर (स्याङ्जा), अञ्जली अधिकारी (कास्की), अनुस्का अधिकारी (कास्की) र आरती बिक (नवलपुर) रहेका छन् । राष्ट्रिय यू-१५ विद्यालयस्तरीय प्रतियोगिताका लागि छात्रतर्फ १० र छात्रातर्फ १० गरी २० खेलाडी छनौट भएका छन् । छनौट भएका छात्रतर्फ हिराजङ घले, अविनाश पुर्जा, सुयोग बाँनिया, रिदम खाँड, प्रशान्त तिमिल्सिना, शौभाग्य पुन, विजन घले, आशिष पुन, सज्जन तिलिजा र लेनिश मल्ल रहेका छन् । त्यसै गरी छात्रातर्फ सरगम केसी, जेनिशा पाण्डे, जेनियम श्रेष्ठ, आवृती बराल, क्यारोल श्रेष्ठ, इशिता श्रेष्ठ, आकृती गुरुङ, रिमा सिञ्जाली मगर, स्नेहा श्रेष्ठ र एलिशा गुरुङ रहेका छन् ।

प्रतियोगिता अन्तर्गत नै भएको ब्याडमिन्टन छात्र/छात्रातर्फ ४-४ जना गरी कुल ८ खेलाडी छनौट भएका छन् । छात्र व्यामिन्टनतर्फ सफल श्रेष्ठ (तनहुँ), अमृत थापा (कास्की), गेजराज कार्की (कास्की) र नेल्सन गुरुङ (तनहुँ) रहेका छन् भने बैकल्पिक खेलाडीमा सक्षम गुरुङ (लमजुङ) रहेका छन् । त्यसै गरी छात्रातर्फ दिलाशा राना (तनहुँ), शेरेन प्रधानाङ्ग (कास्की), खुसी दाहाल (कास्की), समृद्धि श्रेष्ठ (गोरखा) र बैकल्पिक खेलाडीमा प्रतिक्षा शर्मा (कास्की) रहेका छन् । राष्ट्रिय यू-१५ विद्यालयस्तरीय प्रतियोगिताका लागि छात्रतर्फ ४ र छात्रातर्फ ४ गरी कुल ८ खेलाडी छनौट भएका छन् । छनौट भएका खेलाडी छात्रतर्फ विद्यान श्रेष्ठ (स्याङ्जा), सवृश श्रेष्ठ (तनहुँ), खुसीराज सिउथाना (कास्की) र कुशल रम्तेल (गोरखा) रहेका छन् भने छात्रातर्फ खसी आचार्य (कास्की), उज्विनी कँडेल (नवलपुर), आयूषा क्षेत्री (स्याङ्जा) र विनिता गुरुङ (कास्की) रहेका छन् । यो समाचार तयार पार्दा सम्म टेबुल टेनिस र रग्बीको छनौट खेल भने जारी रहेको छ । सम्पन्न विभिन्न प्रतियोगिताका बिजेता खेलाडीहरुलाई परिषदका सदस्य सचिव श्रीधर शर्मा, कार्यकारी सदस्य दिल बहादुर गुरुङ, कार्यकारी सदस्य ऋषीराम गौतम, परिषदका सदस्य केशव पाठक, विनय थापालगायतले मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए । प्रतियोगिता सम्पन्न गर्न परिषदले विभिन्न ६ खेलका खेल संघहरुलाई व्यवस्थापनको जिम्मेवारी दिएको थियो । छनौट खेलमा ४ सय १६ खेलाडी र टिम प्रशिक्षक हरु गरी ४ सय ८७ जनाको सहभागिता रहेको थियो । पहिलो पटक आयोजना हुन लागेको विद्यालय यू-१५ प्रतियोगिताको उद्घाटन जेठ ३० गते हुनेछ । प्रतियोगिता अन्तर्गत हुने सबै खेलहरु पोखरा रंगशाला परिशरमा नै सञ्चालन हुनेछन् । यू-१५ विद्यालय प्रतियोगितामा सात प्रदेशका विभिन्न ६ खेलका खेलाडी, प्रशिक्षक र व्यवस्थापक गरी ६ सय ३० जनाको सहभागिता हुनेछ ।

# सेनाको सहयोगमा गलकोट कोतघरको जीर्णोद्धार

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ जेठ

नेपाली सेनाको सहयोगमा यहाँस्थित कोतघर धमाधम जीर्णोद्धार भइरहेको छ । यसको मौलिक स्वरुप कायम गरिएको छ ।

गलकोट नगरपालिका-३ स्थित उक्त कोतघर चौबिसे राज्यका पालाको हो । गलकोट नगरपालिका-३ का वडा अध्यक्ष फमबहादुर खत्रीले नेपाली सेनाको सहयोगमा गलकोट कोतघरको पुनःनिर्माण चलिरहेको र अहिले पुनःनिर्माणको ५० प्रतिशत काम सम्पन्न भएको जानकारी दिनुभयो ।

कोतघरलाई पुरानै शैलीमा नयाँ काठको प्रयोग, झ्याल ढोका नयाँ राख्ने र छाना पुरानै स्वरुपमा छाउने काम चलिरहेको छ । गलकोट राज्य सञ्चालन गरिएको दरबारको भग्नावशेष नजिकै रहेको कोतघर विसं २०४० मा पुनःनिर्माण गरी ढुङ्गाले छाइएको थियो । त्यसयता गलकोट नगरपालिकाले मर्मतसम्भार गर्दै आए पनि भत्काएर पुनःनिर्माण भने गरिएको थिएन ।

"बाहिरबाट रङ्गरोगन गरिए पनि भित्र काठ कुँहिएको रहेछ, ढुङ्गाको छाना चुँहिएर कोतघर जीर्ण भएको थियो, नगरपालिकाले विस्तृत परियोजना प्रतियोदन तयार गरेर कोतघरको पुनःनिर्माण गर्ने तथा त्यस क्षेत्रको समग्र विकास गर्ने योजना जारी छ", वडाध्यक्ष खत्रीले भन्नुभयो, "नगरपालिकाको योजनामा नेपाली सेनाले साथ दिएको छ ।"घोडाबाँधेस्थित नेपाली सेनाको श्रीमेहर गणले द्रुत प्रभाव योजनाअन्तर्गत गलकोटस्थित कोतघर जीर्णोद्धार गरिरहेको प्रमुख सेनानी धनबहादुर रानाले जानकारी दिनुभयो । आगामी असारभित्रै निर्माण सम्पन्न गरेर कोतघर नगरपालिकालाई हस्तान्तरण गरिने जानकारी दिँदै उहाँले जीर्णोद्धार लागत रु नौ लाख रहेको बताउनुभयो । "बजेट नौ लाख भए पनि नेपाली सेनाले श्रमदान गरिरहेको छ भने स्थानीयले काठसमेत सहयोग गरेका छन्, थोरै बजेटमा धेरै काम गर्नका लागि सेनालाई स्थानीयले निरन्तर गरेको सहयोगले ऐतिहासिक कोतघर जीर्णोद्धार भइरहेको छ", प्रमुख सेनानी रानाले भन्नुभयो, "गत आर्थिक वर्षमा पञ्चकोटमा नागरिकमैत्री हेलिप्याड निर्माण गरेको सेनाले अहिले कोतघर जीर्णोद्धार गरेको हो ।" गलकोट नगरपालिकाका प्रमुख भरत गैरेले कोतघरलाई धार्मिक पर्यटकीयस्थलका रुपमा विकास गर्नेगरी रु ५० लाखभन्दा बढी खर्चेर भौतिक पूर्वाधार निर्माण गरिएको जानकारी दिनुभयो । उक्त कोतघरबाट दुई सय १३ वर्षसम्म मल्ल राजाले स्वतन्त्र राज्य चलाएको स्थानीयको भनाइ छ । गलकोट राज्यका पहिला राजा जितारी मल्लले कोतघर बनाएको इतिहासमा उल्लेख छ । राजाले त्यहाँ दरबार, कोतघर, मन्दिर, पोखरी, कुवा, किल्ला, मोर्चा, पर्खाल निर्माण गरेका थिए । कोतघरले झण्डै सात रोपनी जग्गा चर्चेको छ । कोतघरसँगै भगवतीको मन्दिर पनि छ । कोतघरमा खुँडा, खुकुरीलगायतका परम्परागत हातहतियार छन् । तत्कालीन राजाले पूजाआजा गर्ने इष्टदेवी र भगवतीका मन्दिरमा त्यति बेलैका मूर्ति र शिला छन् । खुँडा, खुकुरीलगायतका परम्परागत हातहतियार राख्नका लागि नेपाली सेनाले छुट्टै भवन समेत बनाइरहेको छ । कोतघरमा ६५ किलोको खुँडा, ५० किलोको तरबार र ६० किलोका दुई खुकुरी प्रतिस्थापन गरिएपछि कोतघरमा आन्तरिक पर्यटक पुग्न थालेका छन् । अहिलेको गलकोट नगरपालिकाको नामसमेत यही कोतबाट निर्माण भएको इतिहास छ । गोलो पहाडको टाकुरामा दरबार निर्माण गरी राज्य सञ्चालन भएकाले त्यस क्षेत्रको नाम गोलकोत रहन गएको पाइन्छ । उक्त नाम अपभ्रंश हुँदै अहिले गलकोटका रुपमा प्रचलित छ । कोतघरमा बडादसैँ र चैतेदसैँमा विशेष पूजा हुने गरेको छ । विसं १६३१ देखि १८४४ सम्म कोतघरबाट गलकोट राज्य सञ्चालन भएको थियो ।

# प्राङ्गारिक उत्पादनमा 'आइपिएम' किसान पाठशाला' प्रभावकारी

**रासस**
म्याग्दी, २४ जेठ

बेनी नगरपालिका-५ बगुवाखोलाकी किसान तुलसी थापा बानियाँले परम्परागत तरिकाले गोलभेडा खेती गर्दै आउनुभएको थियो । खेतीका लागि बीउ जमाउनेदेखि बिरुवा लगाउने र मलजलको बारेमा राम्रो ज्ञान नहुँदा सोचेजस्तो उत्पादन गर्न भने सक्नुभएको थिएन् । करिब १८ हप्ता लामो एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम) किसान पाठशालामा सहभागी भएपछि बानियाँले गोलभेडा खेतीको आधारभूत ज्ञान र सीप हासिल गर्नुभएको छ ।

"बीउ कसरी जमाउने, कति दिनमा बिरुवा लगाउने भन्ने जानकारी थिएन, रोग लागेमा कसरी उपचार गर्ने भन्ने अन्योल हुने गर्थ्यो, मलजल र गोडमेलको बारेमा पनि धेरै जानकार थिएनौँ, अब भने आइपिएम पाठशालामा व्यवहारिक अभ्यासमार्फत सम्पूर्ण ज्ञान लिएका छौँ", किसान बानियाँले भन्नुभयो ।

गत पुस २२ देखि यही जेठ २३ गतेसम्म सञ्चालन भएको आइपिएम किसान पाठशालामा बगुवाखोलाका २५ जनाले सहभागिता जनाएका थिए । उक्त पाठशालामा सोवित शर्मा र क्षेत्रबहादुर कटुवालले प्रयोगात्मक अभ्याससहित सहजीकरण गर्नुभएको थियो । पाठशाला किसानलाई रासायनिक विषादी र मलको विकल्पमा प्राङ्गारिक विधिबाट खेती गर्ने ज्ञान प्रदान गर्न प्रभावकारी बनेको छ । दुई टनेलमा सञ्चालन गरिएको आइपिएम किसान पाठशालामा सहभागी भएकाले हरेक साताको एक दिन न्यूनतम चार घण्टासम्म सामूहिक रूपमा काम गरेर गोलभेडा नै उत्पादन गरेका छन् ।

बीउ र जग्गाको छनोटदेखि प्राङ्गारिक बाली उत्पादनसम्म प्रयोगात्मक अभ्यास समेतको सिकाइ भएकाले आइपिएम किसान पाठशाला कृषकका लागि उपयोगी बनेको स्थानीय किसान आरती बानियाँले बताउनुभयो । विषादीरहित कृषिउपज उत्पादन, रोगकीराको नियन्त्रण र उपचारमा स्थानीयस्तरमा हुने जैविक तथा प्राङ्गारिक मलको प्रयोग गरी स्वस्थवर्द्धक कृषि उपजको उत्पादनमा आइपिएम पाठशाला किसानका लागि उपयुक्त थलो बनेको छ । पाठशालामा रासायनिक मलको न्यूनीकरण र प्राङ्गारिक कृषि उत्पादनको तरिका, विधि तथा सीप सिकाइएको सहजकर्ता शर्माले बताउनुभयो ।

"हामीले यो पाठशालामा गोलभेडासहित समग्र बाली लगाउने तरिकाबारे किसानलाई सीप सिकाएका छौँ, बीउ जमाउने, बिरुवा लगाउनेदेखि सिँचाइ र रोगकीरा व्यवस्थापनमा स्थानीय जैविक उपचारको विधि र तरिका पनि सिकाएका छौँ, यसले कम्तीमा रासायनिक मलको प्रयोगलाई नियन्त्रण गर्न र प्राङ्गारिक उत्पादनलाई प्राथमिकता दिन सघाउने विश्वास लिएका छौँ", सहजकर्ता शर्माले भन्नुभयो । बगुवाखोला आइपिएम किसानले पाठशाला सञ्चालन गरेपछि सहभागीको प्रयोगात्मक बाली लगाउने अभ्यासका क्रममा दुई टनेल र खुला ठाउँमा समेत विभिन्न जातका गोलभेडाको खेती गरेका छन् । किसानलाई खेतीबालीको स्याहार, रोगकीराको पहिचान र उपचार तथा जैविक मलको प्रयोगको लागि पाठशालाले आधारभूत ज्ञान, सीप र क्षमता विकास गराएको बेनी नगरपालिका-५ का वडाध्यक्ष गोविन्द बानियाँले बताउनुभयो ।

उहाँले व्यावसायिक रूपमा गोलभेडा खेती गर्ने किसानलाई अनुदानमा टनेल उपलब्ध गराउन पहल गर्ने बताउँदै आफूले सिकेका ज्ञान, सीप र क्षमतालाई टोल, छिमेकीलाई समेत सिकाउन र स्वस्थ कृषि उपज उत्पादनमा जुट्न आग्रह गर्नुभयो । यस वर्ष नगरपालिकाले विभिन्न पाँच ठाउँमा एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम) किसान पाठशाला सञ्चालन गरेको छ । नगरपालिकाले बगुवाखोला, भकिम्ली, पात्लेखेत, तोरीपानी र ज्यामरुकोठमा आलु तथा गोलभेडा खेतीमा आइपिएम किसान पाठशाला सञ्चालन गरेको कृषि शाखा प्रमुख आकृती ढुङ्गानाले जानकारी दिनुभयो ।

उहाँले किसान पाठशालाले विषादीरहित उत्पादन बढाउन र खेती बालीमा जैविक मलको प्रयोग गर्नुको साथै किसानलाई दक्ष बनाएर स्वस्थ बालीको उत्पादन गर्न प्रेरित गर्ने बताउनुभयो । पाठशालामा किसानलाई मित्र र शत्रुजीव पहिचान गर्न सिकाएर स्थानीयरूपमा उपलब्ध जैविक मलको प्रयोगमार्फत स्वच्छ उपज उत्पादन गर्न सीप सिकाइएको छ । त्यसैगरि स्थानीयस्तरमाउपलब्धप्राङ्गारिक मल, गाइभैँसीको मूत्र र जैविक विषादीको प्रयोगबाट रोगकीरा व्यवस्थापन गर्न पाठशालामा व्यवहारिक अभ्याससमेत गराइएको छ ।

# गण्डकीमा एक हजार पाँच सय किलोमिटर सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ जेठ

गण्डकी प्रदेश सरकारले सात वर्षमा हजार पाँच सय किलोमिटरभन्दा बढी सडक स्तरोन्नति गरेको छ । चालु आर्थिक वर्षमा थप एक सय १९ किलोमिटर सडक कालोपत्र र ४१ दशमलव २ किलोमिटर ढलान भएको छ ।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका अनुसार चालु आवको करिब ११ महिनामा सालबसाली र बहुवर्षीय आयोजनामार्फत थप सय किलोमिटरभन्दा बढी ग्राभेल भएको छ । गत आव २०७९/०८० सम्म पाँच सय ९९ किलोमिटर सडक ग्राभेल र छ सय ६८ किलोमिटर कालोपत्र भएको थियो । "प्रदेश स्थापना भएदेखि हालसम्म आठ सय ८२ किलोमिटर सडक कालोपत्र र ढलान गरी स्तरोन्नति गरेका छौँ", उक्त मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास निर्देशनालयका निर्देशक महेन्द्र बानियाले भन्नुभयो, "सडक निर्माण र स्तरोन्नतिमा हालसम्म रु ४८ अर्बभन्दा बढी खर्च भएको छ ।" बाह्र अर्ब पुँजीगत बजेट रहेको भौतिक मन्त्रालयले चालु आवमा पुराना बहुवर्षीय र सालबसालीसहित एक हजार चार सय ६४ योजनालाई वार्षिक कार्यक्रममा समावेश गरेको थियो ।

यस वर्ष एक सय २७ प्रादेशिक सडक, पाँच वटा सङ्घीय समपूरक सडक, ३० पक्की पुल र चार झोलुङ्गे पुल आयोजना बहुवर्षीय ठेक्कामार्फत कार्यान्वयन भएका छन् । निर्देशक वानियाका अनुसार बहुवर्षीय योजनका सडक, मोटरेबल र झोलुङ्गे पुलका लागि रु १२ अर्ब ७३ करोड ९८ लाख बजेट सुनिश्चित भएको छ । अधिकांश तीन वर्ष र केही योजना दुई वर्षमा सम्पन्न गर्ने लक्ष्य छ ।

राष्ट्रिय राजमार्गका वैकल्पिक सडक पनि खोल्ने र स्तरोन्नति गर्ने योजनालाई प्राथमिकता दिइएको भौतिक मन्त्रालयमार्फत एक निर्वाचन क्षेत्र, एक सडक, स्थानीय तहको केन्द्र जोड्ने, अन्तरजिल्ला, अन्तरपालिका जोड्ने रणनीतिक महत्वका सडक गौरवका आयोजनाका रुपमा कार्यान्वयनमा रहेका उक्त मन्त्रालयका सचिव शङ्करप्रसाद पण्डितले बताउनुभयो ।

# मध्यपहाडी लोकमार्गमा पुल नबन्दा आवागमनमा समस्या

**पोखरापत्र संवाददाता**
पर्वत, २४ जेठ

पूर्व-पश्चिम जोड्ने पुष्पलाल मध्यपहाडी लोकमार्गको पर्वत खण्डको काम सम्पन्न भएको तीन वर्ष पुगिसकेको छ । सडक खण्ड कालोपत्र सम्पन्न भएको तीन वर्ष पुगे पनि पर्वत खण्डमा पर्ने चार खोलामा पुल नबन्दा सहज रूपमा यातायातका साधन सञ्चालनमा समस्या भएको छ ।

पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय पर्वतका अनुसार लोकमार्गको पर्वत खण्डमा रहेका तमादी खोला, सुन्दरेखोला, पातीखोला र मोदी खोलामा चार मोटरेवल पुल निर्माणको तयारी छ । पोखरा-कुश्मा सडक खण्डअन्तर्गत करिब २४ किलोमिटर खण्डमा पर्ने खोलामा मोटरेवल पुल निर्माण नहुँदा नियमित यातायात सञ्चालनमा समस्या हुँदै आएको छ । कुश्मा-७ र ८ को बीचमापर्ने तमादी खोलामा पुल निर्माणको काम भइरहेको छ ।

यो पुलको निर्माणकार्य करिब ७५ प्रतिशत सम्पन्न भएको इञ्जिनीयर धीरज ढकालले जानकारी दिनुभयो । करिब रु ६ करोड लागतमा निर्माण हुन लागेको उक्त पुलको श्री सिद्धबाबा निर्माण सेवा वालिङले जिम्मा लिएको छ । तमादी खोलामा वर्षातको समयमा अत्यधिक बाढी आउँदा सडक भत्किएर मानवीय र भौतिक क्षति हुँदै आएको छ । यो खोलामा गत भदौमा आएको बाढीले बोलेरो जीप बगाउँदा तीन जनाको मृत्यु भएको थियो ।

इञ्जिनीयर ढकालका अनुसार यो पुलसँगै अन्य तीनवटा मोटरेवल पुल पनि निर्माण भइसक्नुपर्नेमा हालसम्म कामको सुरुआत भएको छैन । कुश्मा-८ मै पर्ने सुन्दरे खोलाको पुल निर्माण गर्न डिजाइन स्वीकृत भइसकेको छ । ८० मिटर लामो पुल निर्माणको जिम्मा लुम्बिनी प्राकृतिक जेभिले लिएको छ ।

यो पुलसँगै उक्त निर्माण कम्पनीले अन्य पुल निर्माणको पनि जिम्मा लिएको छ । निर्माण कम्पनीले मोदी गाउँपालिकाको पातीखोला र डिमुवास्थित मोदीखोलामा पनि पुल निर्माण गर्न लागेको छ । मोदीखोलामा ६२ मिटर र पातीखोलामा दुवैतर्फ ५२/५२ मिटर लामा दुई पुल निर्माण हुनेछन् । पुलको डिजाइन् स्वीकृतिमा ढिलाइ भएका कारण निर्माणले गति लिन नसकेको इञ्जिनीयर ढकाल बताउनुहुन्छ । ती पुलको लागत रु ४४ करोड १५ लाख रहेको छ ।

मध्यपहाडी लोकमार्गअन्तरगत पोखरा-कुश्मा सडकको दुई वर्ष पहिला नै दुई लेनको सडक स्तरोन्नति भइसकेको छ । सडक दुई लेनको बने पनि पुरानो संरचनामा बनेका सिङ्गल लेनका पुलले सवारी साधनको चाप धान्न गाह्रो भएकाले नयाँ पुल थप गर्ने योजना रहेको कार्यालयले जनाएको छ ।